# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०७९ कार्तिक - पुस
## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण


## राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

# स्वतः प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन गठित यस स्वतन्त्र आयोगले २०७९ कार्तिक-पुस अवधिमा सम्पादित प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुरुप माग भएका सूचनाहरू उपलब्ध नगराउने विरुद्ध प्राप्त उजुरी, निवेदन तथा पुनरावेदनका आधारमा सार्वजनिक निकायमा सूचना उपलब्ध गराउनु भन्ने आदेश जारी हुँदै आएको छ । आयोगबाट भएको आदेश पालना नगर्ने सार्वजनिक निकायहरूलाई सूचनाको हकसम्बन्धी ऐन र नियमावली बमोजिम जरिवानासमेत हुँदै आएको छ । यस अवधिमा ५५१ वटा पुनरावेदन आयोगमा दर्ता भएका छन् । ती सबै उजुरी पुनरावेदन तथा निवेदन उपर आयोगबाट यथोचित कारवाही भएको छ ।

यसै क्रममा, आयोगले आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ. ब. २०७९/८० सालको कार्तिक, मंसिर र पुस महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ । यसलाई आयोगले तीन महिना सम्पन्न भएको एक हप्ताभित्र प्रकाशित गरेको छ । यसै बमोजिम सबै सार्वजनिक निकाय स्वयम् अग्रसर भई आ-आफ्नो विवरण सार्वजनिक गर्न आग्रह गरिन्छ ।

**राष्ट्रिय सूचना आयोग**

मिति : २०७९ माघ ५ गते

# विषयसूची


१. आयोगको स्वरुप र प्रकृति

२. आयोगको काम, कर्तव्य र अधिकार

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. आयोगबाट प्रदान गरिने सेवा

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ. व. मा सञ्चालित कार्यक्रमहरू

१५. सार्वजनिक निकायको वेबसाइट

१६. आयोगले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

१९. आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

# राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

**२०७९ साउन-असोजसम्मको विवरण**

## १. आयोगको स्वरुप र प्रकृति

सूचनाको हकसम्वन्धी ऐन, २०६४ अनुसार राष्ट्रिय सूचना आयोगको स्थापना भएको हो । यो आयोगमा एक जना प्रमुख सूचना आयुक्त र एक जना महिला सहित दुई जना सूचना आयुक्त रहने व्यवस्था छ । नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत आयोगको प्रशासकीय प्रमुख रहने व्यवस्था छ । आयोगले सार्वजनिक निकायमा रहेका सूचना नागरिकको पहुँचमा पुऱ्याउने, खुला र पारदर्शी संस्कृतिको विकास गर्ने, सार्वजनिक पदाधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने, सूचना सार्वजनिक गराउन सम्बन्धित निकायलाई आदेश दिने लगायतका काम गर्नुका साथै सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले त्यस्तो सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक नगरे वा मागकर्तालाई नदिएमा उजुरी, पुनरावेदन सुन्ने तथा सजाय समेत गर्दछ । हाल आयोगको केन्द्रीय कार्यालय देवीनगर, बानेश्वर-१०, काठमाडौंमा रहेको  छ ।

**क) आयोगको दुरदृष्टि**

विकास, समृद्धि र सुशासनका लागि सूचनाको हकको प्रयोगबाट सुसूचित समाजको सिर्जना गर्ने ।

**ख) लक्ष्य**

व्यक्तिगत मौलिक हकको संरक्षण गर्दै सूचना माथि नागरिकको पहुँच अभिबृद्धि गर्ने ।

**ग) उद्देश्य**

१. सूचनाको हकको संरक्षण,  सम्बर्द्धन र प्रचलन गराउन राष्ट्रिय सूचना आयोगको कार्यान्वयन क्षमताको अभिबृद्धि गर्ने ।

२. छनौट भएका केन्द्रीय र स्थानीय सार्वजनिक निकायहरूमा सूचनाको माग र प्राप्ति सम्बन्धी व्यवस्थालाई सुदृढ गराउदै लैजाने ।

३. सूचनाको मागमा वृद्धिका लागि क्रियाशील संस्थाहरूलाई अभिप्रेरित गर्ने तथा सहजीकरण गर्दै कार्यक्षमतामा अभिबृद्धि गर्नुको साथै सहजीकरण गर्दै लैजाने र आपूर्ति पक्षसँग सहजीकरण गर्ने ।

**घ) रणनीतिक प्राथमिकताहरू**

१. सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय सूचना आयोगको क्षमता अभिबृद्धि गर्ने ।

२. सूचनाको हकको कार्यान्वयनको लागि उपर्युक्त वातावरण निर्माण गर्ने ।

३. सूचनाको हकको कार्यान्वयनमा जवाफदेही, स्वःस्फूर्त र क्रियाशील संस्थाहरूको अभिबृद्धि गर्ने ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः**

२.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

२.२. सूचनादाताको संरक्षण गर्ने ।

२.३. सार्वजनिक निकायका प्रमुख वा सूचना अधिकारीले मनासिव कारणबिना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रुपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले

त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

२.४. क्षतिपूर्तिको लागि प्राप्त निवेदन उपर वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्ने ।

२.५. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना सम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।

२.६. त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने ।

२.७. नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.८. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

२.९. यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने ।

२.१०. नेपाल सरकार तथा सूचना तथा संचारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।

२.११. सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

## ३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल आयोगमा देहाय बमोजिमको ३७ स्विकृत दरवन्दीमध्ये पूर्ति दरवन्दी ३२ जना र रिक्त दरबन्दी ५ कर्मचारी कार्यरत रहेका छन् ।

| | | |
|---|---|---|
| ३.१ | स्वीकृत कर्मचारी दरवन्दी संख्या | ३७ जना |
| ३.२ | स्थायी कर्मचारी दरबन्दी संख्या | २१ जना |
| ३.३ | करार सेवा कर्मचारी | १६ जना |

# राष्ट्रिय सूचना आयोगको संगठन संरचना

**प्रमुख सूचना आयुक्त**

शाखा अधिकृत रा.प.तृ प्र. सा.प्र १
नायव सुव्वा रा.प.अनं. प्र. न्या. कानून १
कम्प्युटर अपरेटर रा.प.अनं. प्र. सा.प्र १

**सूचना आयुक्त**

शाखा अधिकृत रा.प.तृ प्र. सा.प्र १

**सूचना आयुक्त**

शाखा अधिकृत रा.प.तृ प्र. सा.प्र १

**सचिव**
रा.प. प्रथम प्रशासन १

नायव सुव्वा रा.प.अनं. प्र. सा.प्र १

**प्रशासन तथा योजना शाखा**
उप सचिव रा.प.द्धि सा.प्र. १
शाखा अधिकृत रा.प.तृ प्र. सा.प्र १
कम्प्युटर इन्जिनियर रा.प.तृ.विविध १
नायव सुव्वा रा.प.अनं. प्र. सा.प्र १
कम्प्युटर अपरेटर रा.प.अनं. सा.प्र १
हलुका सवारी चालक (श्रेणीविहीन ६)
कार्यालय सहयोगी (श्रेणीविहीन ७)
पाले/चौकिदार (श्रेणीविहीन २)
स्वीपर (श्रेणीविहीन १)

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत रा.प.तृ प्र.ले १
लेखापाल रा.प.अनं. प्र. प.ले १

**योजना तथा प्रवर्द्धन शाखा**
उप सचिव रा.प.द्धि सा.प्र. १
शाखा अधिकृत रा.प.तृ प्र. सा.प्र १
नायव सुव्वा रा.प.अनं. प्र. सा.प्र १

**पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**
उप सचिव रा.प.द्धि न्या. कानून १
कानून अधिकृत रा.प.तृ न्या. कानून २
नायव सुव्वा रा.प.अनं. प्र. न्या. कानून १

**स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार आयोगमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको कार्यहरू देहाय अनुसार रहेको छ ।**

**३.१ प्रशासन शाखा**

- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने ।
- आन्तरिक प्रशासन सम्बन्धी काम गर्ने ।
- जिन्सी व्यवस्थापन गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।
- स्वीकृत कार्यक्रम सञ्चालन गर्ने गराउने ।

**३.२ योजना, अनुगमन तथा प्रवर्द्धन शाखा**

- प्रचार प्रसार सामाग्रीहरूको निर्माण, प्रकाशन तथा प्रशारण गर्ने ।
- सम्बन्धित सरोकारवाला निकाय, संघ सँस्था तथा गैरसरकारी सँस्थासँग समन्वय गरी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- गोष्ठी/सेमिनारहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन, समन्वय, सुपरिवेक्षण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हकसम्बन्धी प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- सूचनाको हकसम्बन्धी सभा, गोष्ठी तथा सेमिनारमा भाग लिने ।

**३.३ पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा**

- सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष दिएको पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउने, कुनै लिखत पेश गर्न लगाउने, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्ने तथा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने सम्बन्धी ।
- पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने सम्बन्धी ।
- पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने सम्बन्धी ।
- सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने सम्बन्धी ।

**४. आयोगबाट प्रदान गरिने सेवा :**

४.१ आयोग समक्ष परेको पुनरावेदन, निवेदन, उजुरी सुन्ने र तत्सम्बन्धी निर्णय र आदेश दिने ।

४.२. सूचनादाताको संरक्षण गर्ने ।

४.४. क्षतिपूर्तिको निवेदन परेमा मनासिब माफिकको क्षतिपूर्ति भराई दिने ।

४.५. समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।

४.६ सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने आदि ।

# राष्ट्रिय सूचना आयोगको
# नागरिक बडापत्र

| क्र.सं. | सेवाको किसिम | सेवा प्रदान गर्ने शाखा | तल्ला | सेवा प्रदान गर्ने कर्मचारीहरू | निर्णय प्रक्रिया तथा सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त नभएमा उजुरी/पुनरावेदन सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सार्वजनिक निकायबाट सूचना नपाएको, गलत वा अधुरो सूचना पाएको सम्बन्धमा पुनरावेदन | पुनरावेदन तथा फैशला कार्यान्वयन शाखा | दोस्रो तल्ला | – उप सचिव<br>– कानुन अधिकृत<br>– शाखा अधिकृत<br>– नायव सुब्बा<br>– क.अ. | – सार्वजनिक निकायको प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र आयोग समक्ष पुनरावेदन दिनसक्ने।<br>– यसरी प्राप्त पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्ने।<br>– पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई विना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित निकायको प्रमुखको नाममा आदेश गर्ने।<br>– पुनरावेदन निरर्थक देखिएमा खारेज गर्ने।<br>– सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारवाही गरी अन्तिम निर्णय गर्ने र आयोगको आदेशको कार्यान्वयनको अनुगमन गर्ने। | कुनै शुल्क नलाग्ने | पुनरावेदन परेको ६० दिनभित्र | आयोगले गरेको सजाय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने, अन्यको हकमा पुनरावेदन नलाग्ने। आयोगको कार्य र प्रक्रियाका सम्बन्धमा प्रमुख सूचना आयुक्त समक्ष उजुरी गर्न सकिने। | |
| २. | योजना तर्जुमा गर्ने, सूचनाको हकको प्रवर्द्धन गर्ने तथा अनुगमन गर्ने | योजना तथा प्रवर्द्धन शाखा | पहिलो तल्ला | – उप सचिव<br>– शाखा अधिकृत | – योजना तथा प्रवर्द्धन शाखा प्रमुखले वार्षिक रूपमा संचालन गर्ने कार्यक्रम तयार गर्ने।<br>– स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने कामहरूको बजेट, कार्यक्रम र औचित्य समेत विचार गरी कार्यक्रम संचालनको लागि अवधारणा तयार गर्ने र कार्यान्वयन गर्ने।<br>– सूचना परियोजना कार्यान्वयन गर्ने। | कुनै शुल्क नलाग्ने | निरन्तर | सचिव | |
| ३. | आयोगको दैनिक प्रशासन संचालन | प्रशासन शाखा | पहिलो तल्ला | – उप सचिव<br>– शाखा अधिकृत<br>– नायव सुब्बा<br>– नायव सुब्बा<br>– क.अ. | – कर्मचारी प्रशासन, आर्थिक प्रशासन, आन्तरिक प्रशासन गर्ने।<br>– स्टोर व्यवस्थापन लगायत सबै काम गर्ने।<br>– आयोगसँग सम्बन्धित सूचना माग भएबमोजिम उपलब्ध गराउने। | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | सचिव | |
| ४ | सूचना अधिकारी /नोडल अफिसर | | | उप सचिव विश्वबन्धु पौडेल मो.नं. ९८५१२४४६६५ | | कुनै शुल्क नलाग्ने | कुनै शुल्क नलाग्ने | | |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा | श्री सिता निरौला फुयाल | उप सचिव | |
| | | श्री हरिहर कार्की | शाखा अधिकृत | |
| | | श्री शान्ता न्यौपाने | नायव सुब्बा | |
| २. | योजना तथा प्रवर्द्धन शाखा | श्री राम प्रसाद ढकाल | उप सचिव | |
| | | श्री कुलचन्द्र पराजुली | शाखा अधिकृत | |
| ३. | पुनरावेदन तथा फैसला कार्यान्वयन शाखा | श्री विश्वबन्धु पौडेल | उप सचिव (कानून) | |
| | | श्री सन्जिप कुमार अधिकारी | कानून अधिकृत | |
| | | श्री सालिकराम भट्टराई | शाखा अधिकृत | |
| | | श्री रञ्जना कुमारी दाहाल | नायव सुव्वा | |
| | | श्री गौरव गुरुङ्ग | कम्प्युटर अपरेटर | |
| ४. | सचिवालय | श्री जीवन कुँवर | शाखा अधिकृत | प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्त |
| | | श्री मन्दिरा महर्जन | शाखा अधिकृत | सूचना आयुक्त |
| | | श्री डिल्लीराम भट्ट | शाखा अधिकृत | सूचना आयुक्त |
| ५. | आर्थिक प्रशासन शाखा | श्री विदुर प्रसाद भण्डारी | लेखा अधिकृत | |
| | | श्री लक्ष्मण अर्याल | लेखापाल | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने । आयोगमा परेका उजुरी, निवेदन र पुनरावेदनको सम्बन्धमा कुनै दस्तुर नलाग्ने ।

## ७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारीमार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

**निर्णय गर्ने अधिकारी**

सचिव दिवस आचार्य

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव दिवस आचार्य

## ९. सम्पादन गरेको कामको विवरण (२०७९ साउन-असोज)

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

१. कार्यालय प्रमुख सचिव दिवस आचार्य

२.	सूचना अधिकारी उपसचिव श्री विश्वबन्धु पौडेल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नेपालको संविधान**

- सूचनाको हकसम्बन्धी ऐन, २०६४
- सूचनाको हकसम्बन्धी नियमावली, २०६५,
- सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६७
- सरकारी निकायले स्वतः प्रकाशन गर्नु पर्ने विवरण सम्बन्धी निर्देशिका,२०७१
- राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको आचार संहिता, २०७७
- राष्ट्रिय सूचना आयोगका कर्मचारीहरूको आचारसंहिता,२०७१
- आयोगको बैठक व्यवस्था सम्बन्धी कार्यविधि, २०७२
- निवेदनको कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- उजुरी कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- पुनरावेदन कारवाही किनारा गर्ने सम्बन्धी कार्यविधि, २०७२
- सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०७३
- राष्ट्रिय सूचना आयोगको इजलास सञ्चालन सम्बन्धी निर्देशिका, २०७५
- सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**पुजिगततर्फ**

राष्ट्रिय सूचना आयोग

कार्यालय कोड नं.: ३५८२१३५०१

खर्चको फाटवारी

पुष महिनाको

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७९/८०

**बजेट उपशीर्षक :** राष्ट्रिय सूचना आयोग[३५८२१०११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | १,१००,०००.०० | ४७०,५२५.०० | ४७०,५२५.०० | ०.०० | ४७०,५२५.०० | ०.०० | ४७०,५२५.०० | ६२९,४७५.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३००,०००.०० | ३५,२५६.०० | ३५,२५६.०० | ०.०० | ३५,२५६.०० | ०.०० | ३५,२५६.०० | २६४,७४४.०० |
| | कुल जम्मा | १,४००,०००.०० | ५०५,७८१.०० | ५०५,७८१.०० | ०.०० | ५०५,७८१.०० | ०.०० | ५०५,७८१.०० | ८९४,२१९.०० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

प्रमाणित गर्नेको दस्तखतः
नामः
दर्जाः
मितिः

**चालुतर्फ**

राष्ट्रिय सूचना आयोग

कार्यालय कोड नं.: ३५८२१३५०१

खर्चको फाटवारी

पुष महिनाको

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७९/८०

**बजेट उपशीर्षक :** राष्ट्रिय सूचना आयोग[३५८२१०११३]

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ११,८००,०००.०० | ५,९८५,०३२.८० | ५,०७३,९४०.२० | ९११,०९२.६० | ५,९८५,०३२.८० | ०.०० | ५,९८५,०३२.८० | ५,८१४,९६७.२० |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,९००,०००.०० | १,५९३,३५२.०० | १,३६१,६३०.०० | २३१,७२२.०० | १,५९३,३५२.०० | ०.०० | १,५९३,३५२.०० | १,३०६,६४८.०० |
| २११२१ | पोशाक | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २११२३ | औषधी उपचार खर्च | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २११३२ | महंगी भत्ता | ५००,०००.०० | १८६,६००.०० | १५४,६००.०० | ३२,०००.०० | १८६,६००.०० | ०.०० | १८६,६००.०० | ३१३,४००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २००,०००.०० | ३१,५००.०० | ०.०० | ३१,५००.०० | ३१,५००.०० | ०.०० | ३१,५००.०० | १६८,५००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ७,८००.०० | २,८००.०० | ५,०००.०० | ७,८००.०० | ०.०० | ७,८००.०० | ९२,२००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,०००.०० | ६२,५००.०० | ६२,५००.०० | ०.०० | ६२,५००.०० | ०.०० | ६२,५००.०० | १३७,५००.०० |
| | कुल जम्मा | ४५,७००,०००.०० | १४,८६०,५८२.८० | १२,६७२,९३४.२० | २,१८७,६४८.६० | १४,८६०,५८२.८० | २९५,०००.०० | १४,५६५,५८२.८० | ३०,८३९,४१७.२० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ३७,६००.०० | ३१,२००.०० | ६,४००.०० | ३७,६००.०० | ०.०० | ३७,६००.०० | ६२,४००.०० |
| २२१११ | पानी तथा बिजुली | ४००,०००.०० | १३७,७४०.०० | १००,०४०.०० | ३७,७००.०० | १३७,७४०.०० | ०.०० | १३७,७४०.०० | २६२,२६०.०० |
| २२११२ | संचार महसुल | ९००,०००.०० | ११३,९७०.०० | १०९,९७०.०० | ४,०००.०० | ११३,९७०.०० | ०.०० | ११३,९७०.०० | ७८६,०३०.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ६००,०००.०० | ३२४,२४५.०० | २५४,८२५.०० | ६९,४२०.०० | ३२४,२४५.०० | ०.०० | ३२४,२४५.०० | २७५,७५५.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७००,०००.०० | ३२०,०९३.०० | २६०,८८०.०० | ५९,२१३.०० | ३२०,०९३.०० | ०.०० | ३२०,०९३.०० | ३७९,९०७.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,४००,०००.०० | ६३२,५८१.०० | ६३२,५८१.०० | ०.०० | ६३२,५८१.०० | ०.०० | ६३२,५८१.०० | ७६७,४१९.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५००,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,३००,०००.०० | ५८१,०५५.०० | ५५८,८८०.०० | २२,१७५.०० | ५८१,०५५.०० | १५,०००.०० | ५६६,०५५.०० | ७१८,९४५.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | २,४००.०० | २,४००.०० | ०.०० | २,४००.०० | ०.०० | २,४००.०० | ९७,६००.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | ४००,०००.०० | ३०,०००.०० | २२,८००.०० | ७,२००.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | ३७०,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३००,०००.०० | १२२,०४८.०० | ९८,५४४.०० | २३,५०४.०० | १२२,०४८.०० | ०.०० | १२२,०४८.०० | १७७,९५२.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ३००,०००.०० | २६,४३०.०० | २६,४३०.०० | ०.०० | २६,४३०.०० | ०.०० | २६,४३०.०० | २७३,५७०.०० |
| | कुल जम्मा | ४५,७००,०००.०० | १४,८६०,५८२.८० | १२,६७२,९३४.२० | २,१८७,६४८.६० | १४,८६०,५८२.८० | २९५,०००.०० | १४,५६५,५८२.८० | ३०,८३९,४१७.२० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २२४१३ | करार सेवा शुल्क | ५,६००,०००.०० | ३,२२९,१०६.०० | २,७८१,६८४.०० | ४४७,४२२.०० | ३,२२९,१०६.०० | ०.०० | ३,२२९,१०६.०० | २,३७०,८९४.०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,६००,०००.०० | ४९४,३६०.०० | २३४,३६०.०० | २६०,०००.०० | ४९४,३६०.०० | २६०,०००.०० | २३४,३६०.०० | २,१०५,६४०.०० |
| २२५२२ | कार्यक्रम खर्च | २,८००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २,८००,०००.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ५,३००,०००.०० | ४०५,८६९.०० | ४०५,८६९.०० | ०.०० | ४०५,८६९.०० | ०.०० | ४०५,८६९.०० | ४,८९४,१३१.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ९००,०००.०० | ३०३,६२५.०० | २८२,८२५.०० | २०,८००.०० | ३०३,६२५.०० | ०.०० | ३०३,६२५.०० | ५९६,३७५.०० |
| २२७११ | विविध खर्च | ७००,०००.०० | २३२,६७६.०० | २१४,१७६.०० | १८,५००.०० | २३२,६७६.०० | २०,०००.०० | २१२,६७६.०० | ४६७,३२४.०० |
| २८१४२ | घर भाडा | ४,६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४,६००,०००.०० |
| | कुल जम्मा | ४५,७००,०००.०० | १४,८६०,५८२.८० | १२,६७२,९३४.२० | २,१८७,६४८.६० | १४,८६०,५८२.८० | २९५,०००.०० | १४,५६५,५८२.८० | ३०,८३९,४१७.२० |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

## १३. तोकिए बमोजिमका अन्य विवरण :

- चालु आ.व. ०७८/७९ (साउन-असोज) मा उजुरी, निवेदन र पुनरावेदनको विवरण १५९ वटा ।

पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक विवरण

२०७९/८० कार्तिक महिना

| क्र.सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन ( दफा १०) | ३ | ११४ | १२ | २७९ | १०३ | ३०५ | ५ | २० | ६ | २५ | १ | ४ | - | १ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | १ | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक विवरण

२०७९/८० मंसिर महिना

| क.सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग (दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश (दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर (दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन (दफा १०) | ५ | १६९ | १७ | ४४८ | १६५ | ४७० | १४ | ३४ | ५ | ३० | - | ४ | - | १ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | - | - | १ | - | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग (दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन (दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

पुनरावेदन तथा उजुरी सम्बन्धी मासिक विवरण

२०७९/८० पुस महिना

| क. सं. | विवरण | प्राप्त कूल संख्या | | | | लिखित जवाफ माग ( दफा १० उपदफा २ बमोजिम) | | सूचना दिन आदेश ( दफा १० उपदफा ३ खण्ड क बमोजिम) | | पुनरावेदन बदर ( दफा १० उपदफा ३ खण्ड ख बमोजिम) | | कारवाहीको प्रस्ताव सहित लिखित जवाफ (दफा ३२ बमोजिम) | | कारवाहीको आदेश (दफा ३२ बमोजिम) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस महिना | | यस महिना सम्म | | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | यस महिना | यस महिना सम्म | |
| | | आफ्नो | सार्वजनिक चासो | आफ्नो | सार्वजनिक चासो | | | | | | | | | | | |
| १ | पुनरावेदन ( दफा १०) | ३ | ७४ | २० | ५३२ | ११८ | ५८७ | १०६ | १४० | ९ | ३९ | ४ | ८ | - | १ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफा ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | - | १ | १ | १ | - | - | - | - | - | - | - | - | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

सहायक विवरण

| क.सं. | विवरण | लिङ्ग | | | तिन तहसंग सम्बन्धित | | | प्रदेश | | | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य | संघ | प्रदेश | स्थानिय | १ | मधेश | बागमती | गण्डकी | लुम्विनी | कर्णाली | सुदूर पश्चिम | | |
| १ | पुनरावेदन ( दफा १०) | ३२० | २३१ | - | १०० | २२ | ४३० | ४० | १४५ | ६० | ५१ | ५५ | ९० | ११० | ५५१ | - |
| २ | जिउ ज्यानको सुरक्षासंग सम्वन्धित (दफ ७ उपदफा ४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ३ | दरपिठ (नियम ५ उपनियम ५) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ४ | सूचनाको दुरुपयोग सम्वन्धी उजुरी (दफा ३१) | - | - | १ | १ | - | - | - | - | १ | - | - | - | - | १ | - |
| ५ | सजाय गर्न उजुरी (दफा ३२) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ६ | क्षतिपुर्ति माग ( दफा ३३) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ७ | आयोगको निर्णय उपर पुनरावेदन ( दफा ३४) | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ८ | अन्य उजुरी | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

## १४. आ. व. ०७९/८० (कार्तिक-पुस) मा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरूको विवरण

### १४.१ जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम

| सि.नं. | जिल्ला | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | अछाम | २०७९।०९।१३ | ६ | ६९ | ७५ |

### १४.२ स्थानीय तहका जनप्रतिनिधि, समूदाय एवं समूहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

| सि.नं. | स्थानीय तह | मिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | बडिमालिका नगरपालिका, बाजुरा | २०७९।०९।१४ | | | ९६ |

### १४.३ अन्य कार्यक्रम

- सूचनाको हक कार्यान्वयन सम्बन्धि प्रतिवेदन तयार गरिएको ।
- रेडियो नेपालसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको ।
- नेपाल टेलिभिजनसँग सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री उत्पादन र प्रसारण भैरहेको
- गोरखापत्र दैनिकमा सूचनाको हकसम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गर्ने सम्झौता भएको ।
- RTI जर्नल प्रकाशन तथा वितरण ।

### १४.४ बुलेटिन प्रकाशन

- आयोगबाट भएका क्रियाकलाप तथा कार्यहरूबारे सबैमा जानकारी गराउनका साथै अभिलेखका रुपमा राख्न सकिने उदेश्यबाट आयोगले सुरु गरेको त्रैमासिक प्रकाशन "सूचना मेरो अधिकारी" बुलेटिन नेपाली र अंग्रेजीमा प्रकाशन गर्ने गरिएको छ ।

### १४.५ आयोगबाट मिति २०७९ साउन देखि असोज मसान्तसम्म भएका बैठकका निर्णयहरू

**बैठक नं. २७९(३)३९**

**मिति २०७९।०८।१५**

**निर्णय**

१. आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

२. सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसमा आयोजित Artificial Intelligence, e-Governence र सूचनाको हक प्रबर्द्धन विषयक राष्ट्रिय गोष्ठी Sep, 28 अर्थात् मिति २०७९।०५।०३ मा आयोजना गरिएको थियो । उक्त गोष्ठीमा ३ वटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । कार्यपत्रहरू उपर तथा विषयवस्तुमा गम्भीर छलफल भएको थियो । गोष्ठीको विस्तृत प्रतिवेदन संलग्न छ । गोष्ठीमा भएको छलफल, कार्यपत्र तथा अतिथिहरूबाट व्यक्त भएका विचारहरूको आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो:

क) नेपाल सरकार वा अन्य सार्वजनिक निकायले पनि सूचना प्रविधि प्रणाली तयार गरी लागू गर्दा नेपाली नागरिकको संवैधानिक तथा कानूनी हकको रूपमा रहेको सूचनाको हक प्रबर्द्धन हुने गरी वा सूचना पाउन सहज हुने गरी सूचना प्रविधि प्रणाली बनाउन नेपाल सरकारमा सिफारिस गर्ने ।

ख) सूचनाको हकलाई नागरिक तहसम्म सहज रूपमा पहुँच पुऱ्याउने उद्देश्यबाट आयोगले सूचना प्रविधिमा आधारित प्रणालीको विकास गरिरहेको छ । यो प्रणालीको दिगो व्यवस्थापन गर्न स्रोत साधनको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ। यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा विश्व बैंकको सहयोगमा सञ्चालन भइरहेको आयोजनामा आयोगको सूचना प्रविधि प्रणाली सुदृढीकरण तथा अद्यावधिक गर्ने गरी समावेश गरिदिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने ।

ग) नेपाल सरकारले सूचना प्रविधि सम्बन्धी नीति बनाउँदा Artificial Intelligence का कारण नागरिकको वैयक्तिक गोपनीयतामा असर पर्ने सम्भावनालाई ध्यानमा राखी नीति निर्माण गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गर्ने ।

३. गोपनीयता नियमनसँग सम्बन्धित निकायहरूको अन्तर्राष्ट्रिय साझा मञ्च Global Privacy Assembly रहेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले राष्ट्रिय सूचना आयोगलाई सूचना उपलब्ध गराउन मात्र नभई व्यक्तिगत प्रकृतिका सूचनाहरू संरक्षण गर्ने जिम्मेवारी पनि प्रदान गरेको हुँदा यो आयोग उल्लेखित Assembly मा Observer का रूपमा रहँदा Privacy का क्षेत्र भएका नयाँ प्रबन्धहरूकाबारे जानकारी भई नेपाल सरकारलाई आवश्यक नीति बनाउन सहयोग पुग्ने भएकोले Observer का लागि आवेदन गर्ने स्वीकृतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल सरकारसँग अनुरोध गर्ने ।

४. आर. टी. आई. जर्नल प्रकाशन गर्नका लागि सूचना आयुक्त श्री रत्नप्रसाद मैनालीको संयोजकत्वमा कार्यदल गठन गर्ने । आर. टी. आई. जर्नललाई ISBN को सदस्यता लिनको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

५. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनैतिक योजनाको मस्यौदा उपर सरोकारवालाहरूको राय सुझावको लागि आयोगको वेबसाइटमा राखिएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोग लगायतनिकायसँग छुट्टै राय सुझाव माग गरिएको थियो । यसरी माग भएको मध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगले आफ्नो राय सुझाव पठाएको जानकारी प्राप्त भयो । उक्त रणनैतिक योजना स्वीकृत गरी कार्यान्वयनमा लैजान विभिन्न कारणवश ढिला भइरहेको सन्दर्भलाई ध्यानमा राखी प्राप्त राय सुझावहरू मध्ये उपयुक्त देखिएका राय सुझावहरू राखी अन्तिम रूप प्रदान गरी स्वीकृतिका लागि आगामी बैठकमा पेश गर्ने ।

६. विभिन्न तालिम प्रदायक निकायहरूले सूचनाको हकसम्बन्धी विषय तालिम पाठ्यक्रममा समावेश गरेको/नगरेको विषयका बारेमा विवरण माग गरिएकोमा प्राप्त विवरण आगामी बैठकमा पेश गर्ने । साथै, नेपाल राष्ट्र बैंक, नेपाल बैंकिङ्ग इन्स्टिच्यूट, कृषि विकास बैंक, बीमा समिति, नेपाल धितोपत्र बोर्ड लगायतका निकायहरूबाट पनि सो विवरण माग गर्ने ।

## बैठक नं. २८०(३)४०

## मिति २०७९।०९।२५

## निर्णय

१. राजनीतिमा हुने लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हक विषयमा राष्ट्रिय गोष्ठी २०७९।०६।१२ मा सम्पन्न भएको गोष्ठीको बारेमा समीक्षा भयो । गोष्ठीमा दुईवटा महत्वपूर्ण कार्यपत्रहरु राजनीतिमा सक्रिय महिला विरुद्ध हुने हिंसा र नेपाली राजनीतिमा महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने अनलाइन लैङ्गिक हिंसाको अवस्था पेश भएको थियो । कार्यपत्रहरु उपर आयोगका आयुक्त कमला ओलीले टिप्पणी गर्नु भएको थियो । गोष्ठीमा भएको अन्तरक्रियाबाट लैङ्गिक हिंसा न्यूनीकरणमा सूचनाको हकको महत्वपूर्ण भूमिका रहने निचोड निक्लेको छ । यस सम्बन्धमा देहायबमोजिम सिफारिस गर्ने:

क. महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई लैङ्गिक हिंसा सम्बन्धी कुनै पनि नीति, कानून, कार्यविधि तथा प्रशिक्षणमा सूचनाको हक विषय समावेश गर्न गराउन अनुरोध गर्ने ।

ख. राजनैतिक दलहरुले लैङ्गिक हिंसा विरुद्धको स्पष्ट नीति बनाउनु पर्ने र त्यस्तो नीति बनाउँदा सूचनाको हकलाई अपरिहार्य अंगको रुपमा अंगिकार गर्ने गराउने व्यवस्था हुन निर्वाचन आयोगमा लेखी पठाउने ।

२. मिति २०६५।०४।०३ को नेपाल सरकारको निर्णयानुसार गठीत यस आयोगका पदाधिकारीको पारिश्रमिक संवैधानिक आयोगका प्रमुख तथा सदस्यहरु सरह हुने व्यवस्था छ । यस भन्दा अगाडी गठीत आयोगका पदाधिकारीलाई नेपाल सरकारको मिति २०६५।०१।२२ को निर्णयानुसार (निर्णयको प्रतिलिपि संलग्न छ) आयोगका प्रमुख सूचना आयुक्तलाई सर्वोच्च अदालतका न्यायाधीश सरह र सूचना आयुक्तलाई उच्च अदालतका मुख्य न्यायाधीशले पाउने पारिश्रमिक सरह उपलब्ध गराएको हुँदा समानता कायम गर्न तथा खाईपाई आएको पारिश्रमिक घटाउन उपयुक्त नदेखिएको हुँदा नेपाल सरकारबाट गठीत उच्चस्तरीय तलब सुविधा विगतमा झैं प्रमुख सूचना आयुक्तको सर्वोच्च अदालतका न्यायाधीश सरह र सूचना आयुक्तको उच्च अदालतको न्यायाधीश सरहको पारिश्रमिक पाउने व्यवस्था हुन सुझाव प्रस्तुत गर्ने ।

३. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक कार्ययोजनामा प्राप्त भएका थप सुझाव समेत परिमार्जन गरी अन्तिम मस्यौदा तयार गरी स्वीकृतिको लागि अर्को बैठकमा पेश गर्ने ।

४. फिलिपिन्सको Freedom of Expression Project Management Office, Presidential Communication Operation Office ले प्रस्ताव गरेको Asia Alliance on Access to Information मा नेपालको तर्फबाट सहभागी हुन राष्ट्रिय सूचना आयोगले स्वीकृति माग गरिएको विषयको अवस्थाको जानकारी लिन सम्बन्धित निकायमा पत्राचार गर्ने ।

५. छिमेकी देशहरु भारत र श्रीलंकाका सूचना आयोगसँग आपसी अनुभव साटासाट तथा आपसी सम्बन्ध विकास गर्ने उद्देश्यबाट MOU प्रस्ताव गर्ने भए अनुरुप अगाडि बढाउन अनुरोध भइगएकोमा निर्णय कार्यान्वयनको अवस्थाबारेमा भएको जानकारी लिन पत्राचार गर्ने ।

विविध

क. जनताको आयोग महाअभियान नेपालकी तारा बरालको मिति २०७९।०८।२६ को निवेदन यस आयोगको क्षेत्राधिकारभित्र पर्ने विषय भएको नदेखिँदा केही गरी रहनु परेन ।

ख. सूचनाको हक अन्तर्गत सूचना माग गर्दा सूचना नपाई राष्ट्रिय सूचना आयोगमा परेका उजुरी/पुनरावेदनमध्ये करिब ८० प्रतिशतको हाराहारीमा स्थानीय तहसँग सम्बन्धित सार्वजनिक निकायहरु रहेको देखिएको छ । स्थानीय तहमा सूचनाको हकसम्बन्धी सचेतनामा कमी रहेको हुन सक्ने अवस्थालाई विचार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत हुने प्रशिक्षण तथा गोष्ठीहरुमा सूचनाको हक समावेश गरी सचेतनाको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

ग. सूचनाको हक कार्यान्वयन गरी जवाफदेही, पारदर्शी, जिम्मेवार बनाउन प्रदेश र स्थानीय तहको क्षमता अभिबृद्धिका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सञ्चालनमा रहेको प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Support Program) आयोजनामा सूचनाको हकसम्बन्धी क्षमता अभिबृद्धिसम्बन्धी कार्यक्रम समावेश गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

## १५. आयोगको वेवसाइट :

यस राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np रहेको छ ।

## १६. आयोगले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

- कुनै सम्झौता नभएको

## १७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

१. अछाम जिल्लास्थित कार्यालय प्रमुख, सूचना अधिकारी लगायतहरूसँग अन्तरक्रिया कार्यक्रम ।

२. बडिमालिका नगरपालिका, बाजुराका जनप्रतिनिधि, समूदाय एवं समूहरूसँग सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम

**१८. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली:** सबै सूचना खुल्ला रहेको ।

**१९. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन :** माग भएको र उपलब्ध गराएको १ वटा ।

**२०. यस आयोगबाट निम्न प्रकाशन प्रकाशन गरी वितरण भएको छ ।**

१९.१ बार्षिक प्रतिवेदन २०६५/०६६-२०७७/०७८ सम्म

१९.२ सचित्र पुस्तिका

१९.३ खुल्ला सरकारी तथ्याङ्क (Open Government Data - OGD) सम्वन्धी प्रतिवेदन

१९.४ Guidelines of Public Information Officers (PIOS)

१९.५ आयोगका जानकारीमूलक ब्रोसियर

१९.६ National Startegic Plan of Action (NSPA) 2073, 2074, 2075

१९.७ Right to Information (RTI) Journal

१९.८ Proactive Disclosure Management System (PDMS) Guidebook

१९.९ Management Information System (MIS) Guidebook

१९.१० सूचनाको सन्देश (पाठ्यसामग्री)

१९.११ शिक्षक स्रोत सामग्री (सूचनाको हक र सुशासन)

१९.१२ अनुगमन तथा मूल्यांकन प्रतिवेदन- २०७५

१९.१३ सफलताका कथा २०७३, २०७४, २०७५

१९.१४ विभिन्न वर्षमा आयोगबाट भएका मुख्य मुख्य आदेशहरू

**प्रस्तुत विवरण आयोगका बेवसाईट www.nic.gov.np मा हेर्न सकिने छ ।**

फोन नं ०१-४४६४४१२, ४४९६५४४

फ्याक्स : ०१-४४९६५४५

इमेल : info@nic.gov.np

वेबसाईट : www.nic.gov.np

**Facebook/Twitter :**

**https://www.facebook.com/rtinepal,**

**https://twitter.com/suchanaayog**